पत्रोत्तरमा पत्र संख्या मिति उल्लेखित हुन अपेक्षित छ ।

# नेपाल सरकार
# वन तथा वातावरण मन्त्रालय

EX: पो.ब.नं. : ३९८७
सिंहदरबार, काठमाण्डौं

## ( योजना, अनुगमन तथा समन्वय महाशाखा )
## (नीति विश्लेषण शाखा)

पत्र संख्या :- ०७७/०७८

चलानी नं. :- ६२९

प्राप्त पत्र संख्या र मिति :-

मितिः- २०७८/०२/१६

श्री राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभाग,
ववरमहल, काठमाण्डौ।

विषय : नेपाल सरकार मन्त्रिपरिषद्को निर्णय सम्वन्धमा ।

प्रस्तुत विषयमा संरक्षित क्षेत्रभित्र भौतिक पूर्वाधारहरु निर्माण एंव संचालन सम्वनन्धी कार्यनीति, २०६५ मा संशोधन गर्ने विषयको वन तथा वातावरण मन्त्रालयको दर्ता नं १५/१२-०७८/०२/१३ को प्रस्ताव मं.प.बै.सं. १४/०७८ मिति२०७८/०२/१३ को मन्त्रिपरिषदको बैठकमा पेश हुंदा त्यसमा नेपाल सरकार(मन्त्रिपरिषद) ले देहाय बमोजिम निर्णय गरेकोले सो बमोजिम कार्यान्वयन हुन नेपाल सरकार (कार्यसम्पादन) नियमावली .२०६४ को नियम २९ बमोजिम अनुरोध छ भनी नेपाल सरकार (मन्त्रिपरिषद्) मिति २०७८/०२/१३ पत्रवाट लेखी आएकोले निर्णयानुसार कार्यान्वयनको लागि अनुरोध छ ।साथै नेपाल सरकार (मन्त्रिपरिषद्) निर्णयको प्रतिलिपि (पाना दूई) यसै पत्रसाथ संलग्न रहेको व्यहोरा समेत अनुरोध छ ।

२०७८/०२/१६

नवीन नाथ चालिसे
सहायक वन अधिकृत

[redacted]

तथा वातावरण
सिंहदरबार, काठमाडौं

नेपाल सरकार
वन तथा वातावरण मन्त्रालय

विषयः संरक्षित क्षेत्रभित्र भौतिक पूर्वाधारहरू निर्माण एवं सञ्चालन सम्बन्धी कार्यनीति, २०६५ मा संशोधन गर्ने सम्वन्धमा ।

प्रस्ताव पेश गर्न विभागीय मन्त्रीबाट स्वीकृति प्राप्त मितिः२०७८।०२।०३

(१) विषयको संक्षिप्त व्यहोराः

नेपाल सरकार (मन्त्रीपरिषद्) को मिति २०६५/१२/२० को निर्णयले स्वीकृत भएको संरक्षित क्षेत्रभित्र भौतिक पूर्वाधारहरू निर्माण एवं सञ्चालन सम्बन्धी कार्यनीति, २०६५ को कार्यनीतिहरुको दफा ५ मा "राष्ट्रिय निकुञ्ज र आरक्षभित्र सम्पूर्ण संरचना पर्ने गरी विद्युत लगायतका कुनै संरचना बनाउन पाइने छैन, तर स्थानीय उपभोक्ताहरुको हितको लागी १ मेगावाट भन्दा कम क्षमताको (राष्ट्रिय प्रसारण लाईनमा जोड्न नपाउने शर्तमा) विद्युत उत्पादन गर्न सहमति दिन सकिने र यसरी विद्युत उत्पादन गर्ने नदी/खोला थुन्दा वा फर्काउँदा उक्त नदी/खोलामा Monthly discharge को कम्तीमा ५०% (पचास प्रतिशत) प्राकृतिक प्रवाह (Natural flow) हुने गरी निर्वाध खुल्ला छाड्नु पर्नेछ" भन्ने व्यवस्था रहेकोमा विद्युत उत्पादन क्षमताको आधारमा पानी छाड्ने व्यवस्था हुन कार्यनीतिमा नेपाल सरकार (मन्त्रीपरिषद्) बाट संशोधन गर्न उपयुक्त देखिएको छ ।

(२) प्राप्त परामर्श तथा अन्य प्रासंगिक कुराः

संरक्षित क्षेत्रभित्र भौतिक पूर्वाधारहरू निर्माण एवं सञ्चालन सम्बन्धी कार्यनीति, २०६५ को प्रतिलिपि यसैसाथ संलग्न रहेको छ ।

(३) प्रस्ताव पेश गर्नुपर्नाको कारण र मन्त्रालयको सिफारिसः

सानो क्षमताको जलविद्युत आयोजनाका लागि प्रयोग गरिने नदी खोलाको पानी आफैंमा कम हुने भएकोले जलविद्युतका लागि बढी पानी प्रयोग गरियो भने नदी खोलाको बाँधभन्दा तल्लो खण्डमा पानीको मात्रा अत्यन्त कम हुन गई बाँधक्षेत्रको तल्लो भागमा रहने जलचर तथा अन्य वन्यजन्तुको लागि आवश्यक न्यूनतम पानी अपुग हुनसक्ने भएकोले प्राकृतिक प्रवाहको कम्तीमा आधा पानी छोड्दा सुरक्षित हुने तर ठूलो क्षमताको जलविद्युत आयोजनाको लागि प्रयोग गरिने नदी खोलाको पानी बढीमात्रामा हुने भएकोले बाँधभन्दा तलको नदी खोलाको खण्डमा कूल प्रवाहको कम प्रतिशत छोड्दा पनि ठूलो परिमाणको पानी हुने हुँदा जलचर र अन्य वन्यजन्तुको लागि पर्याप्त पानी पुग्ने हुँदा सोही बमोजिम नदी खोलाको पानी छोड्ने व्यवस्था हुन उपयुक्त भएकोले संरक्षित क्षेत्रभित्र भौतिक पूर्वाधारहरू निर्माण एवं सञ्चालन सम्बन्धी कार्यनीति, २०६५ मा तल उल्लेख भए बमोजिम संशोधन गर्न मन्त्रीपरिषद्मा प्रस्ताव लैजान माननीय मन्त्रीज्यूबाट मिति २०७८/०२/०३ मा निर्णय भएकोले नेपाल सरकार, कार्य सम्पादन नियमावली,२०६४ को नियम २१ को अनुसूची-१ को बिषय संख्या ४१ बमोजिम यो प्रस्ताव पेश गरिएको छ ।

(४) निर्णय हुनु पर्ने व्यहोराः

(क) संरक्षित क्षेत्रभित्र भौतिक पूर्वाधारहरू निर्माण एवं सञ्चालन सम्बन्धी कार्यनीति, २०६५ को कार्यनीतिको दफा ५ को सट्टा देहायको दफा ५ कायम गर्ने ।

डा. प्रेम नारायण कंडेल

नेपाल सर...
वन तथा वातावरण म...
सिंहदरबार, काठमाडौं

५. 'राष्ट्रिय निकुञ्ज र आरक्षभित्र अन्य विकल्प भएसम्म सम्पूर्ण संरचना पर्नेगरी विद्युत लगायतका कुनै आयोजनाको संरचना बनाउन पाईने छैन तर राष्ट्रिय आवश्यकताका लागि विद्युत उत्पादन गर्न संरचनाहरु निर्माण गर्दा नदी खोला थुन्दा वा फर्काउँदा उक्त नदी खोलामा Monthly discharge को कम्तीमा पनि देहाय बमोजिम प्राकृतिक प्रवाह (Natural flow) कायम हुने गरी पानीको प्रवाह निर्वाध खुल्ला छाड्ने शर्तमा आयोजनाको अध्ययन, निर्माण र सञ्चालनको अनुमति दिईनेछ:

क) १ मेगावाट भन्दा कम क्षमताको जलविद्युत आयोजनाको लागि ५० प्रतिशत,
ख) १ देखि १० मेगावाट क्षमताको जलविद्युत आयोजनाको लागि ३५ प्रतिशत,
ग) १० देखि २५ मेगावाट क्षमताको जलविद्युत आयोजनाको लागि ३० प्रतिशत,
घ) २५ देखि १०० मेगावाट क्षमताको जलविद्युत आयोजनको लागि २० प्रतिशत र
ङ) १०० देखि २५० मेगावाट क्षमताको जलविद्युत आयोजनाको लागि १० प्रतिशत"

(ख) संरक्षित क्षेत्रभित्र भौतिक पूर्वाधारहरू निर्माण एवं सञ्चालन सम्बन्धी कार्यनीति, २०६५ को कार्यनीतिहरुको दफा १४ पश्चात देहायको दफा १५ थप गर्ने ।

१५. "यस अघि विद्युत विकास विभागले जारी गरेको सर्वेक्षण अनुमतिपत्र प्राप्त आयोजनाको हकमा कार्य गर्न अनुमति प्रदान गर्ने र अब उप्रान्त राष्ट्रिय निकुञ्ज र वन्यजन्तु आरक्षको क्षेत्रभित्र पर्ने जलविद्युत तथा केवलकार आयोजनाहरुको हकमा वन तथा वातावरण मन्त्रालयकों सहमतिपत्र प्राप्त भएपछि मात्र अनुमतिपत्र जारी गर्ने निकायले त्यस्तो आयोजनाको सर्वेक्षण गर्ने लगायतका कार्य गर्नुको साथै अन्य आवश्यक पर्ने अनुमतिपत्र जारी गर्नुपर्नेछ ।"

मितिः २०७८।०२।०३

(डा. पेम नारायण कडेल)
सचिव

नेपाल सरकार
वन तथा वातावरण मन्त्रालय
सिंहदरबार, काठमाडौं

श्री सचिव,
वन तथा वातावरण मन्त्रालय

संरक्षित क्षेत्रभित्र भौतिक पूर्वाधारहरू निर्माण एवं सञ्चालन सम्बन्धी कार्यनीति, २०६५ मा संशोधन गर्ने विषयको वन तथा वातावरण मन्त्रालयको दर्ता नं. १५/१२-०७८/२/१३ को प्रस्ताव म.प.बै.सं. १४/०७८ मिति २०७८/२/१३ को मन्त्रिपरिषद्को बैठकमा पेश हुँदा त्यसमा नेपाल सरकार, मन्त्रिपरिषद्ले देहायबमोजिम निर्णय गरेकाले सोबमोजिम कार्यान्वयन हुन नेपाल सरकार (कार्यसम्पादन) नियमावली, २०६४ को नियम २९ बमोजिम अनुरोध गरेको छु –

<u>नेपाल सरकारको निर्णय</u> –

"प्रस्तावमा लेखिएबमोजिम गर्ने।"

(शंकरदास बैरागी)
मुख्यसचिव